# तिलोत्तमा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड ३) तिलोत्तमा, बैशाख महिना २९ गते २०७६ साल (अतिरिक्ताङ्क १३**

**भाग : २**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७६ सालको कार्यविधि नं. १३

### कार्यविधिको नाम : तिलोत्तमा नगरप्रमुख छात्रवृत्ति कोष व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना:** नेपालको संविधानले आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिकतह सम्मको शिक्षा निःशुल्कहुने मौलिक हकमा उल्लेख गरेको छ । विभिन्न कारणले विद्यालय शिक्षा सर्वसुलभ हुन सकेको देखिदैन । यस सन्दर्भलाई मध्यनजर गरी सार्वजनिकहित र कल्याणलाई सर्वोपरी ठानि नगरप्रमुखको मासिक पारिश्रमिक सुविधाबाट तिलोत्तमा नगरपालिकाअन्तरगत सञ्चालित विद्यालयमा वालविकास देखि कक्षा १२ सम्म अध्ययन गर्ने गरिव तथा जेहेन्दार छात्रछात्राहरुलाई शिक्षा आर्जन गर्न परेका कठिनाईमा केही सहयोग पुऱ्याई समाजलाई सकारात्मक सन्देश प्रवाह गर्नको लागि यो कार्यविधि तयार गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्तनाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम"**तिलोत्तमा नगरप्रमुख छात्रवृत्ति कोष व्यवस्थापन कार्यविधि, २०७५"** रहेको छ ।

१.२ यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

१.३ यो कार्यविधि तिलोत्तमा नगरपालिकाभित्र संचालित सामुदायिक विद्यालयहरुका वालविकास देखि १२कक्षासम्म अध्ययन गर्ने गरिव तथा जेहेन्दार छात्रछात्राहरुको हकमा मात्र लागु हुनेछ ।

२. **परिभाषा** : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) **"नगरपालिका"**भन्नाले तिलोत्तमा नगरपालिकालाई जनाँउछ ।

ख) **"नगरप्रमुख"**भन्नाले तिलोत्तमा नगरपालिकाका नगर प्रमुखलाई जनाँउछ ।

ग) "**विद्यालय"**भन्नाले नेपाल सरकारबाट स्वीकृत वा अनुमति लिई संचालन भएका सामुदायिक विद्यालयलाई जनाँउछ ।

घ) "**छात्रवृत्ति कोष"**भन्नाले तिलोत्तमा नगरपालिकाका नगर प्रमुखले सरकारबाट नगरप्रमुखको लागि तोकिएको तलव वापत प्राप्त रकमवाट छात्रवृत्तिको लागि खडा गरिएको कोषलाई जनाँउछ ।

ङ) "**मापदण्ड"**भन्नाले छात्रवृत्ति वितरणका लागि तयार गरिएको आधारहरुलाई जनाँउछ ।

## परिच्छेद- २
## उद्देश्यहरु र मापदण्ड

३. **उद्देश्य**

**यस कार्यविधिका उद्देश्यहरु निम्नलिखित रहेका छन् ।**

३.१ छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु ।

३.२ लक्षित वर्गले छात्रवृत्तिप्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु ।

३.३ सार्वजनिक निकाय र पदाधिकारीको सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्ने ।

३.४ समाज कल्याणको भावनाको अभिवृद्धि गर्ने ।

४. **छात्रवृत्तिवितरणको मापदण्ड**

४.१ तिलोत्तमा नगरपालिका भित्र सञ्चलित सामुदायिक विद्यालयहरुमा बालविकास देखि कक्षा १२ सम्म अध्ययन गर्ने छात्र/छात्राहरु हुनु पर्नेछ ।

४.२ विद्यार्थीले विद्यालयमा भर्ना भइ कम्तिमा २ वर्ष त्यस विद्यालयम ाअध्ययन गरेकोहुनु पर्नेछ ।

४.३ विद्यालयले विद्यार्थी छनोट गर्दा सम्वन्धित वडा कार्यालयको समन्वय र सिफारिसमा नगरपालिका समक्ष एक जना छात्रा वा छात्र सिफारिस गरी पठाउनु पर्नेछ ।

४.४ छात्रवृत्ति पाउने विद्यार्थी आर्थिक अवस्था कमजोर भएको विपन्नवा गरिव तथा जेहेन्दार हुनु पर्नेछ ।

४.५ विपन्नवा गरिवीको हकमा सम्वन्धि वडा कार्यालयले व्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र संलग्न गर्नु पर्नेछ ।

४.६ विद्यालयले विद्यार्थीको नामथर, ठेगाना, अध्ययनरत विद्यालय,कक्षा, बावु आमाको नामथर सबै विवरण खुलाई सिफारिस गरेको हुनु पर्नेछ ।

## परिच्छेद- ३

## विविध

**५. विविध**

५.१ छात्रवृत्तिको लागि छनौट भएको विद्यार्थीलाई आवश्यक शैक्षिक सामग्री खरिदको लागि एकमुष्ठ रकमप्रदान गरिनेछ ।

५.२ विद्यालयले तिलोत्तमा नगर प्रमुख छात्रवृत्ति पाउने विद्यार्थीको विवरण विद्यालयमा अभिलेखिकरण गरी राख्नु पर्नेछ ।

५.३ नगरपालिकामातिलोत्तमानगरप्रमुख छात्रवृत्ति कोषबाट छात्रवृत्तिपाउने विद्यार्थीहरुको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

५.४ नगरप्रमुख छात्रवृत्ति कोषको संरक्षक नगरप्रमुख रहनुहुनेछ ।

५.५ नगरप्रमुख छात्रवृत्ति कोषको व्यवस्थापन समिति देहाय बमोजिमहुनेछ ।
शिक्षा, युवातथाखेलकुदशाखाप्रमुख :- संयोजक
नगर शिक्षा समितिबाट मनोनित ४जना :-सदस्य

५.५.१ यो व्यवस्थापन समितिको पदावधि ३ बर्षको हुनेछ ।

५.५.२ छात्रवृत्ति छनौट सम्बन्धमा सम्पूर्ण कार्यहरु यो समितिले गर्नेछ ।

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७६/०१/२७**

**(कृष्ण प्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**